दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २८४ | बुटवल | २०८२ कार्तिक ०३ गते, सोमबार | नेपाल संवत ११४५ | Monday October 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## सर्वपक्षीय अन्तरिम सरकार चाहियो : विप्लव



बुटवल । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार खारेज हुनुपर्ने माग गरेको छ।

गएको असोज २६ देखि ३० गतेसम्म कपिलवस्तुमा नेकपाको केन्द्रीय कमिटीको विशेष बैठकको निर्णय आइतबार सार्वजनिक गर्दै पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्माले वर्तमान सरकार खारेज गरी सर्वपक्षीय सरकार गठन गर्न माग गरेका हुन् ।

'देशलाई वास्तविक निकासतिर डोऱ्याउने हो भने सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार खारेज हुनुपर्दछ,' उनले भने-'यसको ठाउँमा जेनजी, किसान, मजदुर, महिला, दलित, जनजाति, मधेसी, बुद्धिजीवी र राजनीतिक दलहरू सम्मिलित सर्वपक्षीय अन्तरिम सरकार गठन हुनुपर्दछ ।'

नयाँ बन्ने अन्तरिम सरकारले विशेष परिस्थितिमा कार्यकारी अधिकारको प्रयोग गर्दै संविधान संशोधन, उच्चस्तरीय संविधान लेखन आयोग गठन गर्नुपर्ने, सोही आयोगले संविधानको पुनर्लेखन गर्दै राज्यको पुनर्संरचना गरी प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था गरिनुपर्नेमा नेकपाले जोड दिएको छ।

यस्तै, उत्पीडित जातिहरूको अग्रअधिकारसहितको समाजवादी संघीय राज्य निर्माणमा जोड दिनुपर्ने नेकपाको भनाइ छ।

## स्वास्थ्य मन्त्रालयकी पूर्व अतिरिक्त सचिवसहित १४ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर

बुटवल। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी निवर्तमान अतिरिक्त सचिव संगीता कौशल मिश्रासहित १४ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान अयोगले आइतबार विशेष अदालतमा मुद्दा दर्ता गरेको प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए।

मिश्रा सुशीला कार्की नेतृत्वको सरकारको स्वास्थ्यमन्त्रीमा चर्चा भएपनि अन्तिम समयमा नाम फिर्ता गरिएको थियो । मन्त्री बन्नैका लागि उनले राजीनामा दिएकी थिइन् ।

स्वास्थ्य सेवा विभागको महानिर्देशक हुँदा श्रेष्ठसहितले म्यामोग्राफी मेसिन खरिदमा भ्रष्टाचार गरेको अख्तियारको आरोप छ। लागत अनुमान तयार गर्दादेखि नै मिलेमतो गरी ठेकेदार कम्पनीलाई सम्झौताको शर्त बमोजिमको सम्पूर्ण सामग्री प्राप्त नै नभएको अवस्थामा बदनीयत राखी सम्पूर्ण सामग्री आएको भनि गलत पीडीआई रिपोर्ट, गलत दाखिला प्रतिवेदन, झुटा बिल बिजकलगायत तयार गरी भुक्तानी दिएको आरोप मिश्रामाथि छ।

मिश्रससहितका प्रतिवादीविरुद्ध १४ करोड ६ लाख ८५ हजार ५ सय रुपैयाँ बिगो कायम गरिएको छ।

अन्य प्रतिवादीहरुमा स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाका तत्कालीन निर्देशक डा. श्रवणकुमार थापा, स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखा प्रमुख तथा वरिष्ठ स्वास्थ्य प्रशासक डा. सुरेन्द्रप्रसाद चौरसिया, स्वास्थ्य सेवा विभागका निर्देशक डा. विवेककुमार लाल, स्वास्थ्य सेवा विभागका तत्कालीन प्रमुख लेखा नियन्त्रक भुवनप्रसाद काफ्ले, स्वास्थ्य सेवा विभागका कानुन अधिकृत सीता घिमिरे, स्वास्थ्य सेवा विभागका वरिष्ठ जनस्वास्थ्य अधिकृत दिपक अधिकारी रहेका छन् ।

### सम्पादकहरूसँग ओली :

# 'छानबिन आयोगलाई बयान दिन्न'

**ओलीले अहिलेको असंवैधानिक सरकार चुनाव गराउने बाटोमा नभएको आरोप लगाएका छन् ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जेनजी आन्दोलनपछिको अवस्थालाई 'दुई दिनको लीला' भनेर टिप्पणी गरेका छन् । आइतबार आयोजित सम्पादकहरूसँगको अन्तरक्रियामा ओलीले अहिलेको सरकारलाई तामासाको संज्ञा दिँदै यो देखेर आफू कत्ति पनि नआत्तिएको जिकिर गरे ।

'तपाईंहरू अँध्यारो मुख किन नलगाएको भन्नुहुन्छ फेरि । यो दुई दिनको लीला हो क्या यो, दुई दिनको लीला,' उनले भने-'यस्ताको तमासाहरू देखेर, कसले नचाएको छ कठपुतली, त्यही देखेर म अँध्यारो मुख लगाएर बस्छु ?'

उनले आफू नलत्रिने बताए। दुई दिने जेन-जी आन्दोलनबाट सत्ता छाड्न बाध्य भएका ओलीले थपे-'शाही कू पनि देखेको छु। १४ वर्ष जेल पनि देखेको छु। नेल-हतकडी लगाएर गोलघरभित्र बसेको पनि याद छ मलाई। यस्ता अनेक झेलेर आएको छु। फेरि पनि मलाई यस्ता दुःख कष्ट झेल्न कुनै गाह्रो छैन ।'

उनले आफू कुनै पनि आयोगले बोलाउँदैमा आफू लुरुलुरु बयान दिन नजाने बताएका छन् ।

उनले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबारे छानबिन गर्न बनाइएको आयोगलाई आफूले बयान नदिने उल्लेख गरेका हुन् । साथै, उनले कुनै पनि बयानमा आफैंलाई धोका दिने काम नगर्ने पनि जिकिर गरे ।

ओलीले जेनजी पुस्तालाई धोकामा पारिएको बताएका छन् ।

ओलीले जेनजी आन्दोलनलाई आफूले तीन भागमा छुट्ट्याएर हेर्ने गरेको बताए ।

'जेनजी आन्दोलनलाई तीन भागमा हेर्छु । उनीहरूका खुलस्त रूपमा तीनवटा माग थिए । भ्रष्टाचार अन्त्य, सुशासन कायम र रोकिएका सामाजिक सञ्जाल खुलाइनुपर्छ भन्ने माग थिए,' उनले भने-'जेनजीलाई धोकामा पारियो, जे गरेर भए पनि विरोध प्रदर्शनका लागि तयार पारियो ।'

ओलीले जेनजीले आन्दोलनको क्रममा प्रधानमन्त्रीको राजीनामा नमागेको बरु धोकामा पारेर संसद् भवनतर्फ पुऱ्याइएको बताए ।

ओलीले आफ्नो एक एक पैसाको छानबिन गर्न पुनः माग गरेका छन् ।

पत्रकार सम्मेलनमार्फत् ओलीले आफ्नो बारेमा छानबिन गर्न सरकारलाई पटक-पटक आह्वान गरेको भन्दै पत्रकार महासंघले गरे पनि हुने बताएका हुन् ।

सरकारले खाता रोक्का गर्न गरेको निर्णयप्रति लक्षित गर्दै उनले सांसद र प्रधानमन्त्रीका हैसियतले पाएको अहिलेसम्मको जम्मा गरेर २०-२५ लाख रुपैयाँ खातामा हुनसक्ने बताए ।

उनले बिचौलिया र ब्ल्याकमेलरको पनि सम्पत्ति छानबिन गर्न माग गरे ।

ओलीले अहिलेको जस्तै अवस्था रहिरहे आफू पुनः प्रधानमन्त्रीमा फर्कने सम्भावना बढ्ने दाबी गरेका छन् ।

ओलीले आफूले प्रधानमन्त्रीको रुपमा सुशीला कार्कीलाई सिफारिस गर्नका लागि लेखिएको पत्र सार्वजनिक गर्न नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई चुनौती दिएका छन् ।

प्रचण्डले आइतबार मात्रै एक सार्वजनिक कार्यक्रममार्फत् ओलीले कार्कीलाई प्रधानमन्त्री बनाउन गरेको सिफारिस पत्र आफूले पढेको दाबी गरेका थिए ।

ओलीले प्रचण्डलाई चुनौती दिँदै भनेका छन्-'मैले त्यही सहमति अनुसार, मैले त्यो भाषामा सिफारिस गरेको थिएँ । परेको बेलामा प्रति त निस्किन्छ । सुशीला कार्कीजीको मैले कतै सिफारिस गरेको छु भने फ्ल्यास गरिदिए हुन्छ । प्रचण्डजीसँग प्रमाण छ भने निकालिदिए हुन्छ त ?'

तर, उनले आफूले देशको परिस्थिति हेरेर राष्ट्रपतिसमक्ष नयाँ सरकारका लागि कामचलाउ प्रधानमन्त्रीको हैसियतमा नयाँ सिफारिस भने गरेको स्वीकारेका छन् ।

ओलीले अहिलेको असंवैधानिक सरकार चुनाव गराउने बाटोमा नभएको आरोप लगाएका छन् ।

सम्पादकहरूको कुराकानीमा आइतबार ओलीले प्रमुख दलका नेतालाई थुन्ने आदेश गराउने सरकारले चुनाव गराउन नसक्ने प्रस्ट्याएका हुन् ।

'योसरकारले चुनाव गराउन सक्दैन, गराउन पनि चाहेको छैन'-ओलीले भने-'दलका नेतालाई थुन्नुपर्छ भन्ने कतै अदृश्य आदेश आएको सुन्छु । ओली, देउवा, प्रचण्डलाई थुन्ने, चुनावमा दललाई भाग लिन नदिने अनि चुनाव कसका बिच गर्ने ?'

ओलीले चुनाव भनेको जेनजीले नाममा ड्रामा गरे जस्तो नभएको बताएका छन् ।

'जेनजीका के जातिका नाममा ड्रामा गरेजस्तै हो, प्रधानमन्त्री छान्ने ? यसरी छानिन्छ प्रधानमन्त्री ? यो तमासा, नाटक र असंवैधानिक कुरा हो ।'- ओलीले भने ।

# ७७ वटै जिल्लामा निर्वाचनलक्षित संयुक्त सुरक्षा गस्ती बढाउन गृह मन्त्रालयको निर्देशन




बुटवल । गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालय (सीडीओ) कार्यालयहरुमा ११ फरक विषयहरूमा विभिन्न निर्देशन दिएको छ।

शान्ति सुरक्षा तथा अपराध अनुसन्धान, सुशासन, नियमन, समन्वय र सार्वजनिक सेवा प्रवाह सहजीकरण, निर्वाचन सुरक्षालगायतका विषयमा निर्देशन दिएको हो ।

जेनजी आन्दोलनपछि तत्काल र दीर्घकालीन रुपमा देखा पर्ने सुरक्ष चुनौतीहरु पहिचान र विश्लेषण गर्ने, त्यसका लागि सूचना संकलन गर्ने निर्देशन दिएको छ।

७ पेज लामो ११ फरक विषयहरुमा मन्त्रालयले दिएको निर्देशनमा निर्वाचन सुरक्षाका विषयहरु पनि औंल्याइएको छ । जहाँ २१ फागुनमा हुने प्रतिनिधिसभा चुनावका लागि सबै सरोकारवालाहरुसँगको समन्वयमा जिल्लास्तरमा निर्वाचनमैत्री वातारण बनाउँदै लैजानुपर्ने उल्लेख गरिएको छ । मन्त्रालयले शान्ति सुरक्षा, अपराध नियन्त्रण, सुशासन, सेवा प्रवाह, विपद् व्यवस्थापन, र आसन्न निर्वाचनको तयारीलगायतका विषयमा विशेष निर्देशन दिएको हो ।

गृहसचिवस्तरीय निर्णयअनुसार जारी गरिएको निर्देशनमा आम नागरिकले महसुस गर्ने गरी शान्ति सुरक्षा र सुशासनको प्रत्याभूति दिलाउन जोड दिइएको छ।

निर्देशनमा भनिएको छ-'विभिन्न बहानामा हुन सक्ने अवाञ्छित गतिविधि, चन्दा आतंक, र कानुनविपरीतका कार्यलाई कडाइका साथ नियन्त्रण गरी आम नागरिकको जीउधनको सुरक्षामा कुनै कसर बाँकी नराख्नू ।'

**निर्देशनका मुख्य बुँदा यस्ता छन्:**

शान्ति सुरक्षा र अपराध नियन्त्रणः जिल्लाभित्रको समग्र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त राख्न, अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन र सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणकालागि विशेष सतर्कता अपनाउन निर्देशन दिइएको छ। लागुऔषध, अवैध मदिरा, र अन्य गैरकानुनी गतिविधिलाई पूर्णरूपमा नियन्त्रण गर्न भनिएको छ।

सेवा प्रवाह र सुशासनः जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सेवालाई सरल, सहज र पारदर्शी बनाउन, अनावश्यक झन्झट हटाउन र प्रविधिको अधिकतम प्रयोग गर्न निर्देशन दिइएको छ । कार्यालयमा 'टाइम कार्ड' लागू गर्ने र नागरिक सहायता कक्षलाई प्रभावकारी बनाउन पनि भनिएको छ।

सूचना ! सूचना !! सूचना !!!

**नेपाल विद्युत प्राधिकरणबाट**
**जनहितमा जारी अत्यन्त जरुरी सूचना**

तिहारको लागि झिलिमिली बत्ती जडान गर्दा विद्युतीय नाङ्गो तारमा नछुने गरी र सोझै हुकिङ्ग नगरी व्यवस्थित तरिकाले घरको मिटरबाट मात्रै जडान गरी चाडबाडको बेला विद्युतीय चुहावट कारबाही तथा विद्युतीय दुर्घटनाबाट बचौं ।

**नेपाल विद्युत प्राधिकरण**
लुम्बिनी प्रादेशिक कार्यालय, बुटवल



## सम्पादकीय

# आगामी चुनाव के को ?

जेनजी आन्दोलनपछि अन्तरिम सरकार गठन भयो, प्रतिनिधिसभा भंगको सिफारिश र फागुन २१ गते चुनाव गर्ने निर्णय गरेको छ। सरकार र बरालिएका जेनजी आन्दोलनका कारण फागुन २१ गते प्रतिनिधिसभाको चुनाव हुने संशय उत्पन्न भएको छ।

जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिमा आन्दोलनका प्रष्ट रोडम्याप नहुँदा अहिले जेनजीहरुका धारणा र विचार फरक–फरक आइरहेका छन्, कतिपयले प्रत्यक्ष कार्यकारीको चुनावको माग गरिरहेका छन्, कतिपयले फागुन २१ गते प्रतिनिधिसभाको चुनाव हुनुहुँदैन्, प्रत्यक्ष कार्यकारीको चुनाव घोषणा हुनुपर्छ भनिरहेका छन्। कतिपय फागनु २१ मै प्रतिनिधिसभाको चुनावमा सहभागी हुनेगरी राजनैतिक दल गठन र दर्ताको प्रक्रियामा सामेल भएका छन्। जेनजी आन्दोलन असंगठित विद्रोह भएको र आन्दोलनपछि उनीहरुको अन्यौलताले आन्दोलनका एजेण्डालाई अरु कसैले अपनत्व लिएको छ। यो अन्यौलता अघि बढ्दा जेनजी बरालिएका छन्। अब मुलुकलाई थप अन्यौल दिशाहिनताबाट बचाउन जेनजी प्रष्ट हुनुपर्छ, प्रतिनिधिसभाको चुनाव फागनु २१ गते गर्नुको विकल्प छैन। प्रत्यक्ष कार्यकारीको चुनाव हुनेगरी संविधान संशोधन तत्काल संभव छैन। प्रत्यक्ष कार्यकारीको चुनाव हुन दुई विकल्प आवश्यक पर्छ। पहिलो यो संविधान पूर्णतः खारेज गरेर अन्तरिम संविधान घोषणा हुनुपर्छ। दोस्रो प्रतिनिधिसभा पुनःस्थापना गरी पुनःस्थापित प्रतिनिधिसभाबाट संविधान संशोधनमार्फत् चुनाव गर्न सकिन्छ। यी दुई विकल्प साँघुरिएका छन्, पहिलो विकल्पमा जान धेरै जोखिम छ। दोस्रो विकल्पका लागि सर्वोच्च अदालतमा प्रतिनिधिसभा पुनःस्थापनाका लागि परेको रिटको फैसला कुर्नुपर्नेछ, अदालतले प्रतिनिधिसभा पुनःस्थापनाको फैसला भयो भने पुनःस्थापित प्रतिनिधिसभाले संविधान संशोधन गर्न सक्छ। तर अहिलेकै अवस्थामा फागनु २१ गते चुनाव गर्नुको विकल्प छैन।

बरू जेनजी आन्दोलनकारीले चुनाव निष्पक्ष, शान्तिपूर्ण र भयरहित बनाउन पहलकदमी लिनुपर्छ। प्रहरीका १२ सय हतियार लुटिएका, पाँच सय प्रहरी चौकी आगजनी र तोडफोड भएका तथा कारागारबाट फरार कैदी बन्दी अझै ७ हजार कारागार नफर्केकाले मुलुकमा शान्ति सुरक्षामा गम्भीर प्रश्न उठिरहेको छ। यस्तो बेला हुने चुनावमा मतदाताले भयरहित ढंगले मत दिन पाउँछन् ? अहिले उठिरहेको यो प्रश्नको उत्तर खोज्न सक्दा मात्रै हुने चुनावले लोकतन्त्रको सवलीकरण गर्न सक्छ। मुलुकमा बढ्दो निराशालाई चिर्न युवा पुस्ताले विश्वासको वातावरण बनाउनुपर्छ। माग र एजेण्डामा प्रष्टता जति हुन जरूरी छ, ती माग र एजेण्डाले समस्याको समाधानको बाटो तय गर्छन् कि गर्दैनन् भन्ने हेक्का राख्न पनि उत्तिकै आवश्यक छ।

# नेपाली जनताका महान् रमाइलो पर्व तिहार



झपेन्द्र जिसी

यस्तो अवस्थामा तिजमा दाजुभाइले माइतीघरमा चेलीलाई र तिहारमा दिदीबहिनीले दाजुभाइलाई निम्तयाएर स्वागत सत्कार गर्ने प्रचलन अनुरुप तिज पर्व र तिहार पर्व र भाइटीका पर्व सुरु भएको पाइन्छ। तिहार पर्वमा दिदीबहिनीले दाजुभाइ आफ्नो घरमा निम्त्याएर निधारमा सप्तीरंगी इन्द्रेणी टीका लगाएर जातजातका रोटी, फिनी, अर्सा, भर, जुम्ली अर्सालगायत मेवा मिष्ठान्न खान दिने, दिर्घायुको कामना गर्ने प्रचलन रहँदै आयो।

**विषय प्रवेशः**

हे औंशी बार गाई तिहार भैलो
भैलेनी आइन् आँगन गुनियो चोलो माँगन-भैली
जसले दिन्छ मानो उसैको सुनको छानो -भैली
जसले दिन्छ मुरी उसैको सुनको धुरी-भैली
गाईलाई दिउँला नुन पिठो भाइलाई दिउँला फूल टीको -भैली

(प्रिय पाठकवृन्द एवं संस्कृतिका पारखीहरु यो तिहार पर्व संस्कृति नेपाली घरघरमा आएको छनक हो।)

यसरी नै यो घर कसको आलेको
भित्र बाहिर टालेको -भैली
अथवा
यो घर कसको आलेको झिलिमिली बत्ती बालेको- भैली

अर्थात् यो पर्वमा आलेको घरमा मात्र भैलो होइन चिउरीका पातको पुच्छरे दुनोमा लस्करै झिलिमिली बत्ती बालिन्छ। दीपावली गरिन्छ। औंसीसम्म भैलो गीतले गाउँ शहर बजार रन्किन्छ, मादल, मजुरा, खैंजडी घन्किन्छ।

औंसी पछिका दिनमा पुनः देउसिरे। (देउ श्री)
को राग गानले गाबै रमाइलो देशै रमाइलो हुन्छ।

स्मरणीय छ- भारततिर दीपावली भनेर मनाउँछन् तर हाम्रो देश नेपालमा यस पर्वलाई दीपावली नभनेर विशेषतः तिहार पर्व भनिन्छ। हामीले काग तिहार पहिलो दिन, कुकुर तिहार दोस्रो दिन, गाई तिहार औंसीका दिन। गोबर्द्धन र गोरु तिहार-चौथो दिन, भाइ तिहार (भाइटीका) पाँचौं दिन मनाउँछौं।

यो तिहार पर्व संस्कृतिलाई यमपञ्चक भन्ने धार्मिक प्रचलन रहिआएको छ। यसलाई यमपञ्चक भनिने मृत्युका देवता यमराजले आफ्नी बहिनी युमनाको अनुरोधमा यी पाँच दिन कसैको पनि दाजुभाइको मृत्युवरण नगर्ने नगराउने यमुनाले बाचा कबुल गराएकीले यमराजले कसैलाई दुःख पीडा मृत्यु नदिने आध्यात्मिक मान्यता रहीआएको छ। यमराज र यमुनाको यस कथा कुथुङ्ग्रीको नालीबेली अरुले गरुन्। यो पंक्तिकारले यो छोटो लेखमा बेली विस्तार लाउने फुर्सद छैन। पौराणिक कथा अरुले नै हालून्। यो पंक्तिकारले तिहार पर्व के के गरिन्छ वस्तुनिष्ठ भएर यथार्थ घर तलमा उभिएर दुई चार आखर बताउन मात्र चाहन्छ।

**काग तिहार–** काग तिहार किन मनाइन्छ ? अरु दिन काग (कौवा) देख्नासाथ हाहा गरेर वा ढुंगाले हानेर धपाउने मानव जातिले हाम्रो देश नेपालमा त काग तिहारका दिन सम्भव भएसम्म कागलाई छोपेर फूलमाला लगाई जातजातका रोटी मेवा मिष्ठान्न खान दिइन्छ। स्मरण रहोस् काग निकै बाठो पन्छी हो। भन्न त बिहानीको संकेत कुखुराको भाले बासेर दिन्छ भनिन्छ तर कुखुराको भालेभन्दा पहिले का का गरेर कागले सूचना प्रवाह गरिसकेको हुन्छ। ख्याल गरौं। कागले घरको कर्सा वरिवरि रहेका जुठ्यान खाएर सरसफाइ पनि त गरिरहेको हुन्छ। यद्यपि काग जंगली पन्छी हो। तर काग मानव बस्ती नजिकका वृक्षमा बसोबास गर्न मन पराउँछ।

**कुकुर तिहारः** समाजशास्त्रीहरुको दाबी छ। जुनबेला मानव जाति वनबासी थियो मानवको गुफा घर वरिपरि बसेर आची खाएर सरसफाइ मात्र होइन सुरक्षा (वाच म्यान) को काम गर्ने कुकुर हो। त्यही कुकुर क्रमशः पाल्तु कुकुर भए। कुकुरको मानव हितकारी गुणलाई आत्मसात् गरेर कुकुर तिहार मनाएको पाइन्छ। त्यसैले कुकुरलाई कुकुर तिहारमा फूलटीका लगाइदिएर मीठो चोखो खान दिने प्रचलनले कुकुर तिहार पर्वको उत्पत्ति भएको पाइन्छ। कुकुर मानव जातिको कत्तिको मित्र प्राणी हो भन्ने विषयमा महान् लेखक लैनसिंह बाग्देलले लेखेको कथा/उपन्यास अत्यन्तै ज्ञानबर्द्धक छ।

**लक्ष्मी पूजा** : लक्ष्मी भनेको धन सम्पत्ति मानिएको छ। धन सम्पत्तिभित्र उत्पादनका सम्पूर्ण साधन पर्दछन्। गरगहना, रुपैयाँ पैसा र सुनचाँदी मात्र होइन। यस पर्वमा धान कुट्ने ओखली, ढिंकी, झाँतो (जाँतो),घट्ट, सिलौटा, चनौटा आदिमा पूजा गरिन्छ, बत्ती बालिन्छ।

लक्ष्मीका रुपमा हलो, कोदालो, खोक, हेंगा आदिमा पनि पूजा अर्चना गरिन्छ। बत्ती बालिन्छ।

**गोबर्द्धन पूजा-** गोबरको थुप्रोमा पनि पूजा अर्चना गरी बत्ती बालिन्छ। कृषि उत्पादन र कृषि प्रवर्द्धनका लागि गोबरको महत्वलाई गोबर्द्धन पर्वले जनाउँछ। गोबार्द्धन पूजाकै अवसरमा गोरुको पूजा गरिन्छ। हलो जोत्ने, लडिया तान्ने गोबर दिने गोरुलाई ससम्मान पूजा गरी मीठो चोखो परिकार खान दिइन्छ। नेपालका सबैभन्दा ठूला देवता मानिएका पशुपतिको बाहान गोरु (नन्दी) रहनुले नेपालमा गोरुलाई कत्तिको सम्मान गरिन्छ भन्ने कुरा यसले पुष्टि गर्दछ।

**गाई तिहारः** गाई अत्यन्त गुणकारी प्राणी हो। यसले आमाले झैं पौष्टिक दूध दिन्छ, खेतबालीका लागि चाहिने गोबर दिन्छ यहाँ ब्याएपछि बाच्छाबाच्छी दिन्छ। अब धेरै भनिरहन परेन। त्यसैले गाईको खुट्टासम्म धोएर खुट्टा जल खाएर पूजा अर्चना गरी फूलटीका लगाएर सम्मान गरिन्छ। मीठो चोखो खान दिइन्छ।

उपर्युक्त सबै कसले तिहार पर्व उपयोगी उत्पादनमा आउने प्राणीहरुको पूजा हो। उपयोगी उत्पादनका साधनको पूजा हो भन्ने छर्लङ्ग हुन्छ। सबै नेपालीले यसलाई कुनै न कुनै रुपमा बुझेका छन् र सम्मान गरेका छन्।

**भाइटीका–** ब्रह्माजीले छोरीसँग संभोग गरी सन्तान वृद्धि गरेका हुँदा ब्रह्मापातकी हो भनेको सुनिन्छ। जनसंख्या अत्यन्त कम भएको वनबासी युगमा वा विवाह पद्धतिको खास नियम नभएको बेला यस्तै रह्यो भनेर अमेरिकी समाजशास्त्री लुइस हेनरी मोर्गन र मद्रासी समाजशास्त्री काशीनाथ विश्वनाथले समेत व्याख्या गरेका छन्। बह्माजी भनेको पौराणिक कथाको पात्र हो। इतिहास होइन। त्यो युगमा सगोत्रीय विवाह संस्कार हुनु अनौठो कुरा होइन। भारतका विभिन्न प्रान्त र जिल्लामा विश्वका अन्य ठाउँठाउँमा पनि दिदीबहिनीसँग दाजुभाइले र छोरीसँग बाबु समेतले विवाह गरेको इतिहास छ र अहिले पनि भारतमा प्रचलित भएको कुरा जिज्ञासुले आफै बुझ्ने हुन्छ। सगोत्रीय विवाह पद्धतिको अन्त्य र परगोत्री विवाह पद्धति लागू भएपछि दाजुभाइ र दिदीबहिनी स्वाभाविक रुपमा टाढाटाढा भए। यस्तो अवस्थामा तिजमा दाजुभाइले माइतीघरमा चेलीलाई र तिहारमा दिदीबहिनीले दाजुभाइलाई निम्तयाएर स्वागत सत्कार गर्ने प्रचलन अनुरुप तिज पर्व र तिहार पर्व र भाइटीका पर्व सुरु भएको पाइन्छ। तिहार पर्वमा दिदीबहिनीले दाजुभाइ आफ्नो घरमा निम्त्याएर निधारमा सप्तीरंगी इन्द्रेणी टीका लगाएर जातजातका रोटी, फिनी, अर्सा, भर, जुम्ली अर्सालगायत मेवा मिष्ठान्न खान दिने, दिर्घायुको कामना गर्ने प्रचलन रहँदै आयो। फलस्वरुप यो प्रचलनले पर्वको स्वरुप धारण गर्‍यो। पर्वको स्वरुप धारण गर्नुको अर्थ संस्थागत र दिगो हुनु हो।

अन्त्यमा तिहार पर्व नेपाली समाजको अत्यन्त महत्वपूर्ण पर्व हो। यो पर्व नेपाली विशेषताको पर्व हो। निकै रमाइलो पर्व हो। दाजुभाइ र दिदीबहिनी बीचमा थप आत्मीयता वृद्धि गर्ने पर्व हो। आफ्ना उपयोगी उत्पादनका सामग्री(औजार) हरु वस्तुभाउहरुको महत्व र उपयोगितालाई पुनस्मरण गर्ने पर्व हो।

जय तिहार पर्व संस्कृति
वरिस दिनको दिउसिरे
तिहारै दिउसिरे
साथीभाइ देउसिरे
जम्मा भएर देउसिरे
रातोमाटो दिउसिरे
चिप्लो बाटो दिउसिरे
लोट्दै पोट्दै दिउसिरे
हजुरको दिउसिरे
दरबारमा दिउसिरे।
दरबारैमा दिउसिरे
गाउँदै नाच्दै दिउसिरे
आएका हामी दिउसिरे।

छठ पर्वः तिहार पर्व लगत्तै पछि आउने छठ पर्व हो। जाडो मौसमको सुरुवातसँगै यो पर्व सुरु हुन्छ। मानव जाति, पशु प्राणी र बोटविरुवाका लागि पनि तापक्रम र उज्यालोको आवश्यक पर्दछ। हाम्रो सबैभन्दा ठूलो ताप र उज्यालोको स्रोत सूर्य हो। अस्ताउँदो सूर्यलाई अर्घ दिएर यो पर्वको सुरु हुन्छ। यस पर्वमा सूर्यको पूर्जन, कीर्तन हुन्छ। पुनः अस्ताचलमा पुगेका सूर्यलाई अर्घ दिए पछि यो पर्वको अन्त्य हुन्छ। मिथिला क्षेत्रबाट उत्पत्ति भएको यो पर्व अहिले त पहाड, हिमालतिर पनि चढेको छ।

मानव जाति जुन बेला वस्त्रविहीन, घरबार विहीन, गासबासबिहीन, उज्यालो विहीन थियो। त्यो बेला बाँच्ने प्रमुख सहरा सूर्य नै थियो। त्यसैले छठको अवसरमा सूर्य पूजन गरेर अस्ताउन थालेका सूर्यलाई चाँडै उदकाउनुहोस् भनी मानव जातिले सूर्यलाई बिदा गरेर भोलिका लागि स्वागत गर्न तम्तयार भएको पर्वका रुपमा बुझ्न सकिन्छ।

# नेप्से परिसूचक १६ अङ्कले बढ्यो



काठमाडौं। यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १६ दशमलव ६७ अङ्कले बढेर दुई हजार ५०३ दशमलव ८५ को बिन्दुमा कायम भएको छ।

३२३ कम्पनीको ६१ लाख ९९ हजार ९२९ कित्ता शेयर २८ हजार ७३७ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु दुई अर्ब ७९ करोड ११ लाख ८९ हजार ९०९ मा खुम्चिएको छ।

विकास बैंक समूह शून्य दशमलव २१, म्युचुअल फण्ड शून्य दशमलव १३ र निर्जीवन बिमा समूह शून्य दशमलव ३४ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ।

बैंकिङ शून्य दशमलव ८७, वित्त शून्य दशमलव ५१, होटल तथा पर्यटन शून्य दशमलव ७२, जलविद्युत् शून्य दशमलव ७०, लगानी शून्य दशमलव ७५, जीवन बिमा शून्य दशमलव ३३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९०, लघुवित्त शून्य दशमलव ४७, व्यापार शून्य दशमलव ९० र अन्य समूह एक दशमलव १६ प्रतिशतले बढेको छ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी हिमालयन ८०-२० को शेयर मूल्य छ दशमलव १० प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २८ करोड १० लाख ९४ हजार ३६५ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी युनियन हाइड्रोपावर लिमिटेडको तीन लाख ४४ हजार ६९८ कित्ता शेयर खरिदबिक्री भएको छ।

# यस्तो छ, कुकुर तिहारको धार्मिक तथा सांस्कृतिक महत्व





हिन्दू नेपालीहरुको दोस्रो ठूलो चाड तिहार अर्थात् यमपञ्चकअन्तर्गत आज कुकुर तिहार मनाइँदै छ। कुकुर तिहारको दिन कुकुरलाई पूजाआजा गरि माला लगाइदिने चलन रहेको छ। त्यसपछि कुकुरलाई मन पर्ने खानेकुरा खान दिइन्छ। कुकुर तिहारको दिनमा आफ्नो घरमा पालेका मात्रै नभई सडकका कुकुरहरुलाई पनि माला लगाइदिइ टीका लगाइदिएर खाना खान दिइन्छ। विशेषगरी यो दिनमा प्राचिन कालदेखि नै मानवजातीसँग प्रगाढ र बलियो सम्बन्ध भएको जीवको रुपमा मानिने कुकुरको पूजाआजा गरिन्छ। हिन्दू धर्ममा कुकुरलाई आज्ञापालक र बफादार मानेर विशेष स्थान दिइएको छ।

हिन्दू धर्मशास्त्रमा कुकुरलाई सुरक्षाकर्मीको साथै यमराजको दूतका रुपमा वर्णन गरिएको छ। मृत्यूपर्यन्त पनि मोक्षको द्वारमा कुकुरले नै पहरा दिएको धर्मशास्त्रमा उल्लेख छ। यस्तै कुकुरलाई भगवान भैरवको बाहनको रुपमा पनि चिनिन्छ। मानव सभ्यताको सुरुवातदेखि नै कुकुरले हरेक समयमा मानवहरुलाई सहयोग गरेको पाइन्छ। कुकुरले घरको रेखदेख गरेर चोर डाँकाबाट बचाउने गर्छ। कुकुरको निन्द्रा पातलो हुने भएकाले यो हरक्षण चनाखो हुन्छ र यो थोरै खाएर पनि सन्तुष्ट हुने प्राणिका रुपमा चिनिन्छ।

ऋगवेदमा देवकुकुर्नी शरमाले इन्द्रको दूत बनेर असुर व्यापारीहरूसित वार्ता गरेको प्रसङ्ग छ। यस्तै अर्को पौराणिक प्रसङ्गमा शरमाका छाउरालाई सानो गल्तीका कारण यज्ञकर्ताहरूले कुटेकाले कुकुर्नीले उनीहरूलाई श्राप दिएको प्रसंग उल्लेख छ। यस्तै महाभारतमा पाण्डवहरू स्वर्ग जाने बेलामा युधिष्ठिरले आफ्नो कुकुरलाई पनि सँगै लिएर स्वर्ग गएको कथा छ। उक्त कथामा कुकुरलाई यमराज वा धर्मराजकै स्वरूपको रुपमा वर्णन गरिएको छ।

कुकुर तिहारको दिनमा कुकुरलाई पूजा गरेर माला लगाई खाना खान दिने यस विशेष कार्यले कुकुरलाई मानव सभ्यता र संस्कारमा विशेष महत्व दिएको मान्न सकिन्छ। कुकुर तिहारको दिन मानव समाज र कुकुरहरुबिचको प्रगाढ सम्बन्धको अर्चना गरिन्छ। कुकर तिहारको दिन कुकुरलाई खान नदिईकन भोजन गर्ने मानिसले यमराजबाट दण्ड पाँउछन् भन्ने विश्वास रहि आएको छ। त्यसैले यस दिन विहान सबेरै उठेर नित्यकर्म र स्नान गरिसकेपछि कुकरको पूजाआजा गर्ने चलन छ।

कुकुरहरु हाम्रो गाउँघरमा सुरक्षा र हेरचाहको लागि पालिने गरिन्छ। गोठहरुमा धेरै पशुपालन गर्ने कृषकहरुले गोठालोको रुपमा पनि कुकुर पाल्ने गर्छन्। त्यस्तै कुकुरले प्राकृतिक प्रकोप आउनुपूर्व नै केही समय अगाडि नै थाहा पाउँछ र भुकेर यस्ता कुराहरुको पूर्वसूचना दिने गर्छन्। जति सुकै दुःख कष्ट आइपरे पनि कुकुरले आफ्नो मालिकको साथ छोड्दैन। त्यसैले मानिसले कुकुरलाई आफ्नो भरपर्दो साथीको रुपमा लिने गर्छन्।

# स्याङ्जामा सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक

स्याङ्जा। स्याङ्जाको एक पालिकाले सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाएको छ । गल्याङ नगरपालिकाले सार्वजनिक स्थलसँगै विद्यालय क्षेत्र वरिपरि सुर्तिजन्य पदार्थको बिक्रीवितरणमा रोक लगाएको हो । नगरलाई लागुऔषध निरुत्सायी बनाउने उद्देश्यले पहिलो प्रयासमा पालिकाले विद्यालय क्षेत्र, स्वास्थ्य संस्था, जेष्ठ नागरिक आश्रम र शिशु स्याहार केन्द्र वरिपरि सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाउँदै सार्वजनिक सूचना जारी गरेको छ ।

पालिकाका प्रमुख प्रशासकीय अधिकृत भविश्वर घिमिरेले एक सूचना जारी गर्दै सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐनअनुसार तोकिएको क्षेत्रमा सुर्तिजन्य पदार्थ बिक्रीवितरण नगर्न र नगराउन अनुरोध गरेका छन् । विद्यालय क्षेत्र वरिपरि र स्वास्थ्य संस्था वरिपरि सुर्तिजन्य पदार्थको बिक्रीवितरण हुँदा विद्यार्थीहरुमा नकरात्मक असर पर्ने विषयलाई ख्याल गरेर सूचना जारी गरिएको प्रमुख प्रशासकीय अधिकृत घिमिरेले जानकारी दिए।

गण्डकी प्रदेश सरकारको सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा बनेको ऐन २०७६ को परिच्छेद ३ को दफा ११ को उपदफा ३ मा शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, जेष्ठ नागरिक आश्रमलगायत क्षेत्रको कम्तिमा एकसय मिटरभित्रका पसलहरु र वरिपरि सुर्तिजन्य पदार्थ बिक्रीवितरण गर्न नपाईने व्यवस्था । सोही व्यवस्थालाई कार्यान्वयन गर्न पालिकाले तोकिएका क्षेत्रमा सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक लगाइएको घिमिरेले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

सोही दफाको उपदफा ५ मा विद्यालय तथा विश्वविद्यालयको पोषाक लगाई सुर्तिजन्य पदार्थ खरिद गर्न जाने जुनसुकै उमेरको विद्यार्थीलाई सुर्तिजन्य पदार्थ बिक्रीवितरण गर्न पाइने छैन भन्ने कानुनी व्यवस्था रहेकाले यसको कार्यान्वयन गर्न सबै नरवासीलाई घिमिरेले सूचनामार्फत् अपिल गरेका छन् ।

नगरपालिकाले तोकेको सय मिटर क्षेत्रभित्र सुर्तिजन्य पदार्थ बिक्रीवितरण गरेको पाइएमा सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐनअनुसार कारबाही हुने समेत सूचनामा उल्लेख गरिएको छ। लागुऔषध न्यूनीकरण गर्न पहिलो पटक सार्वजनिक सूचनामार्फत् नागरिक, उद्योगी व्यवसायी, शिक्षक, कर्मचारी, अभिभावकहरुलाई जानकारी गरेको नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताए। पहिलो फेजमा सूचनामार्फत् जानकारी गराएका छौं,' उनले भने-'दोस्रो फेजमा नगर प्रहरीमार्फत् अनुगमन गर्नेछौं, शिक्षक, विद्यालय व्यवस्थापन समितिमार्फत्पनि यसको अनुगमन गर्ने र आवश्यक परे कारवाही प्रक्रिया अगाडी बढाउने छौं ।'

विद्यार्थीहरुमा बढी चुरोट खाने क्रम देखिएकाले यो अभियानलाई अगाडि बढाएको नगरपालिकाले जनाएको छ । विद्यालय क्षेत्रबाटै यसको न्यूनीकरणमा अगाडि बढ्दा केही हदसम्म समाधान हुने देखिएकाले नगरपालिकाले कानुनले तोकेका क्षेत्रहरुमा सुर्तिजन्य पदार्थको रोक लगाउन खोजिएको नगर प्रमुख भट्टराईले बताए । ११ ओटा पालिकाहरुमध्ये गल्याङले सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐन कार्यन्वयन गर्ने पहिलो पालिका बनेको छ।

# तरकारी खेतीबाट नौ लाख आम्दानी

ढोरपाटन। ढोरपाटन नगरपालिका-४ खुङ्गाकी रिममाया बुढाथोकी सात वर्षअगाडि छोराछोरी पढाउनका बागलुङ बजार झरेकी थिइन् । गाउँबाट बजार झरेकी रिममायालाई सुरुमा घुलमिल हुन निकै गाह्रो भएको थियो । बिहान बेलुका छोराछोरीसँग बिताए पनि दिनमा एक्लै बस्नुपर्थ्यो । दिनमा केही काम गर्ने सोंच बनाए पनि बजारमा काम पाइएन ।

आफू बस्ने ठाउँ वरपरका स्थानीयले व्यावसायिक तरकारीखेती गरेको देखेपछि उनीलाई बारीमा काम गर्ने इच्छा जाग्यो । त्यसपछि जग्गा भाडामा लिएर उनले तरकारीखेती गर्न थालिन् । अहिले उनी बजारमा उत्कृष्ट महिला किसानका रूपमा परिचित छिन् । बागलुङ नगरपालिका-४ ओढारचौरमा बुढाथोकीले तरकारीखेती सुरु गरेको चार वर्ष भयो । बजार नजिकै तरकारी फलाउने हुँदा बिक्री नहुने समस्या छैन । उनको बारीमा बाह्रै महिना तरकारी फल्छन् ।

बुढाथोकीले तरकारीसँगै पोहोर सालदेखि च्याउखेती पनि सुरु गरेकी छिन् । विसं २०७५ मा श्रीमान र छोराछोरीसँगै बागलुङ झरेकी बुढाथोकीले बागलुङ नगरपालिका-४ मा १५ रोपनी जमिन वार्षिक रु ८३ हजार भाडा तिर्नेगरी लिजमा लिएर चारवटा च्याउ र तीनवटा टमाटरका टनेल निर्माण गरेकी छिन् । च्याउ, टमाटर, लौका, घिरौला, बोडी, सिमी, खुर्सानी, धनियाँ, साग, भेन्टा र विभिन्न तरकारीसँगै बुढाथोकीको बारीमा मसलाजन्य अदुवा र बेसार पनि उत्पादन हुन्छ। अहिलेसम्म रु २५ लाखभन्दा बढी लगानी गरेको उनले बताइन् ।

बुढाथोकीले भनिन्-"सुरुमा दिन कटाउन गाह्रो भएको थियो, अहिले दिनभर बारीमा काम गर्दा कति छि" साँझ पर्छ पत्तै हुँदैन, यतिकै बस्नुभन्दा केही उद्यम गर्दा राम्रो हुन्छ भन्ने हिसाबले तरकारीखेती गर्न थालेकी थिएँ, अहिले राम्रो हुँदै गएको छ, बजार यहीँ भएको हुँदा बिक्री वितरणमा समस्या छैन, कतिपय उपभोक्ता त बारीमै आएर तरकारी किन्नुहुन्छ।"

बुढाथोकीले तरकारीबाट रु चार लाख र च्याउबाट रु पाँच लाख गरी वार्षिक रु नौ लाख आम्दानी गर्न थालेको बताइन् । तरकारीखेती गर्न थालेपछि बुढाथोकीले गरिमा कृषि फार्म दर्ता गरेकी छिन् । मासिक तलब दिएर एक जनालाई रोजगारीसमेत दिएकी छिन् । रिममायालाई श्रीमान कपिल र छोराछोरीले पनि समयसमयमा सघाउँछन्।

बुढाथोकीले तरकारीखेती विस्तार र व्यवस्थापन गर्न समयसमयमा विभिन्न निकायबाट सहयोग पनि प्राप्त गरेकी छिन् । उनले यसै वर्ष उद्यमशीलता कार्यक्रमअन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट च्याउखेतीका लागि टनेल व्यवस्थापन गर्न रु चार लाख सहयोग प्राप्त गरेको जनाइन्। अनुदान पाएपछि उत्पादन वृद्धि गर्न सहज भएको उनको भनाइ छ। तरकारीको बजार व्यवस्थापनमा समस्या नभए पनि पानीको अभाव हुँदा उत्पादनमा बढाउन समस्या भएको उनले सुनाइन् ।

अघिल्लो वर्ष कृषि ज्ञान केन्द्रबाट दुईवटा टमाटर टनेल र यस वर्ष मसला बाली व्यवस्थापनका लागि प्रविधि सहयोग प्राप्त गरेको उनले बताइन् । बागलुङ नगरपालिकाबाट समेत तीन वर्ष पहिले सहयोग प्राप्त गरेको बुढाथोकीको भनाइ छ। सिँचाइका लागि पानीको सुविधा नहुँदा समस्या भोग्नुपरेको उनले गुनासो पोखिन्।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले किसानलाई प्रोत्साहन गर्न अनुदानसहित प्राविधिक सहयोग गर्दै आएको बताए । समयसमयमा फार्ममै पुगेर परामर्शसमेत प्रदान गर्ने गरेको उनको भनाइ छ । बजार क्षेत्रमै राम्रो तरकारी उत्पादक किसानको छबि बनाएकी बुढाथोकीलाई आवश्यक तालिम र उपकरण पनि दिने प्रमुख सिलवालले बताए । पछिल्लो समय बागलुङमा धेरै किसान तरकारीखेतीतर्फ आकर्षित भइरहेको उनले जनाए । यहाँ उत्पादन भएको तरकारीले बजार नपाउने समस्या नभएको सिलवालको भनाइ छ।

## Rupandehi Byapar Sangh

**Butwal-4, Rupandehi, lumbini province**

### Invitation for Bids

First Date of Publication : October 20th, 2025 (2082-07-03)

Rupandehi Byapar Sangh Butwal, Rupandehi invites bids from eligible and qualified bidders for the following construction works

| S. No. | Contract no./IFB No. | Estimated amount (Including vat) NRS | Name of the project & Location | Price of bid document NRS | Last date of Bid Submission | Date & Time Bid opening | Bid/Bid security validity period | Bid security NRS |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 37/2082-083 | | Koseli Ghar& pradashanikacch Nirman butwal-4 | 5,000/- | Nov. 20th, 2025 (2082.08.04) Before 12:00hrs | Nov. 20th, 2025 (2082.08.04) at 2:00hrs | 90/120 days | 735,000/- |

1. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank : Citizens International Bank Ltd. Butwal
   Office Name :Rupandehi Byapar Sangh
   Account No. :1590100002579201
2. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
3. The person, firm or company blockbuster as per public procurement act- 2063 with amendment, shall be ineligible to submit the bid and also bid from another new firm or company.
4. Pre-bid meeting shall be help at Rupandehi Byapar Sangh, Date: Nov,04 2025 (2082-07-18), Time 13:00 hrs.
5. Matters not covered by this notice shall be in accordance with public procurement act-2063 with amendments and public procurement regulation-2064 with amendment and other prevailing regulations.
6. The employer reserves the right to accept or reject, whokkt or partly any or all the bids with out assigning reason, whatsoevers. Eligible bidders may obtain further information from Rupandehi Byapar Sangh office during office hour.

**Rupandehi Byapar Sangh**

## Marchawari Rural Municipality,
## Office of the Rural Municipal Executive
## Raypur, Rupandehi, Lumbini Province, Nepal

### Invitation for Bids

Date of publication: October 19, 2025

1. Marchawari Rural Municipality, Raypur, Rupandehi invites electronic bids only from eligible bidders for following works under Sealed Quotation.

| S. No | Name of work | Contract ID | Fee of Bid Document | Bid Validity Period | Estimated Amount (including VAT) | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount | Validity Period |
| 1 | The Procurement of Supply, Delivery, Installation, Testing and Commissioning of 62.5 83 KVA Generator at Marchawari Rural Municipality, Raypur, Rupandehi | MRM/RUP/SQ/01/2082-83 | NRS. 1000.00 | 45 days | NRs. 1128797.61 | NRs. 25000.00 | 75 days |

2. Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| November 03, 2025 | 12:00 hrs | November 03, 2025 | Time 13:00 hrs | Bidders download the bidding document and submit their bids electronically through e- procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document inthe following Revenue Account within the date and time specified. |

3. Revenue Account Details:

| Account Holder's Name | Bank Name | Revenue Account Number and Name | Dharauti Account Number and Name |
|---|---|---|---|
| Marchawari Rural Municipality | Siddhartha Bank Ltd. | 01215382423 (Marchawari Gaunpalika Ga. 1.1 AantrikRajwso Khaata) | 01215156664 (Marchawari Gaunpalika Ga 03 Dhrauti Khaata) |

4. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.

**Chief Administrative Officer**

अनुसूचि १
(निर्वाचन कार्यविधिको दफा ३ संग संबन्धित)

## विश्वज्योति बचत तथा ऋण सहकारी संस्था लि

**बुटवल-४**

निर्वाचन कार्यक्रम मिति २०८२/०७/०९ गते देहाय बमोजिम प्रकासन गर्ने निर्णय गरियो । साथै मतदान र साधारण सभा बाहेक निर्वाचनका सम्पूर्ण प्रकृयाहरु संस्थाकै कार्यालयमा हुने जानकारी गराईन्छ ।

| क. सं | मिति | बार समय | कार्यक्रम |
|---|---|---|---|
| १. | २०८२/०७/११ | मंगलबार, ११ बजे | मतदाता नामावलि प्रकासन गर्ने । |
| २. | २०८२/०७/१२ | बुधबार बिहान १० बजे देखि दिउसो ३ बजे सम्म | मतदाता नामावलि माथि दावि विरोध गर्ने । छुटनाम दर्ता, सच्चाउने वा हटाउने । |
| ३ | २०८२/०७/१२ | बुधबार साँझ ५ बजे | मतदाताको अन्तीम नामावलि प्रकासन । |
| ४ | २०८२/०७/१३ | बिहीबार, दिउसो १ बजे देखि दिउसो ४ बजे सम्म | उम्मेदवार मनोनयन दर्ता । |
| ५. | २०८२/०७/१४ | शुक्रबार, बिहान ११ बजे | उम्मेदवारको प्रथम नामावलि प्रकासन । |
| ६. | २०८२/०७/१४ | शुक्रबार साँझ ५ बजे | दावि विरोध उपर छानविन र उम्मेदवारी नाम फिर्ता अन्तिम नामावलि प्रकासन । |
| ७ | २०८२/०७/१७ | सोमबार बिहान ठिक ९:३० बजे देखि दिउसो १:०० सम्म | मतदान मत गणना<br>स्थानः भूपु सैनिक कल्याण कल्बको सभाहल देबिनगर |
| ८ | २०८२/०७/१७ | सोमबार | निर्वाचन परिणम घोषणा र सपथ ग्रहण गराउने । |
| कार्यक्रम समापन | | | |

**संयोजक**
**मान बहादुर विश्वकर्मा**
**निर्वाचन समिती**

## विश्वज्योति बचत तथा ऋण सहकारी संस्था लि.

**बुटवल-४ रुपन्देही**

## Tansen Municipality
## Office of Municipal Executive
**Tansen,Palpa**

### Invitation for Online Bids

**(Second Notice )**

Date of publication: 2082/07/04 (Oct 20, 2025)

Tansen Municipality Office, Tansen,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa
Name of the Office: Tansen Municipality Office, Tansen, Palpa
Rajaswa Account No.: 3030100301010004
Bid Validity Period: 90 days
Office code: 80550401
Bank details for Bid security ( If Cash deposit) :Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/W/NCB/01/2082-083 | Construction and Beautification works at Kamalpokhari at Tansen-07, Pravash Palpa Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: [enter NRs 32500000] Minimum Work experience of similar size and nature: [Construction/Beautification /Upgrading/Protection work of Park/ Pond in at least One (1) Contract with a value of at least NRs 13200000] For Other Qualification Please go through the www.bolpatra.gov.np/egp | | 5000 | 620000 | 2082/07/18 12.00 Pm (Nov 4 2025) (Second Notice) |

Chief Administrative Officer
Tansen Municipality Office

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**फिनिबगर फाँटः**
गुल्मी दरबार गाउँपालिका वडा नं. ६ अन्तरगत फर्सोवामा पर्ने फिनिबगर फाँटमा लहलह झुलेको धान। *तस्विरः डीबी टण्डन (विजय)*

# ७० वर्ष माथिकालाई हवाई टिकटमा ८० प्रतिशत छुट



बुटवल । ७० वर्ष उमेरमाथिका ज्येष्ठ नागरिकले आन्तरिक हवाइ उडानमा टिकट किन्दा ८० प्रतिशतसम्म छुट पाउने भएका छन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको अध्यक्षतामा आइतबार बसेको वायुसेवा सञ्चालक संघका अध्यक्ष तथा नेपालका आन्तरिक वायुसेवा सञ्चालक कम्पनीहरुका प्रतिनिधिहरुबिचको बैठकले ७० वर्ष उमेरमाथिका ज्येष्ठ नागरिकले हवाइ टिकटमा ८० प्रतिशतसम्म छुट प्रदान गर्ने सहमति गरेको हो ।

बैठकमा ७० वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकहरुलाई हवाइ टिकटमा सरकारद्वारा तोकिएको अधिकतम भाडादरमा सम्पूर्ण सेक्टरहरुमा ५० प्रतिशत छुट प्रदान गर्ने सहमति जुटेको छ ।

साथै, ७५ वर्षभन्दा माथि उमेर समूहका ज्येष्ठ नागरिकहरुलाई ७० प्रतिशत र ८० वर्ष माथिका लाई ८० प्रतिशत छुट दिइनेछ भने फरक क्षमता भएका हवाइ यात्रुहरुको सन्दर्भमा समेत उक्तानुसारकै न्यूनतम ५० प्रतिशत छुट सुनिश्चित हुनेगरी व्यवस्था गरिएको प्राधिकरणले जानकारी दिएको छ ।

सहमति भएका विषय कार्यान्वयन गर्न प्राधिकरणले वायुसेवा कम्पनीहरुलाई निर्देशन समेत दिएको छ ।

# भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा छ करोड १० लाख सङ्कलन




बुटवल । गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा आगजनी र तोडफोडबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि सरकारले स्थापना गरेको 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष' मा हालसम्म रु छ करोड १० लाख सङ्कलन भएको छ । अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार आइतबार बिहानसम्म कोषमा रु छ करोड १० लाख सङ्कलन भएको हो ।

जेनजी प्रदर्शनका क्रममा क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि सरकारले उक्त कोष स्थापना गरेको थियो । कोषमा योगदानका लागि सरकारले सर्वसाधारण नागरिक, निजी क्षेत्र, गैरआवासीय नेपाली, विकास साझेदार, विभिन्न सङ्घसंस्थालगायत दातृ निकायलाई आग्रह गरेको थियो । पुनर्निर्माण कोषमा गरिने आर्थिक सहायता रकम योगदानकर्ताको चालु आर्थिक वर्षको करयोग्य आय गणना गर्दा घटाउन वा खर्च कट्टी गर्न पाइने सुविधा सरकारले दिएको छ ।

पुनर्निर्माणका कोषका लागि राष्ट्रिय वाणिज्य बैंक सिंहदरबार शाखामा खाता खोलिएको छ। योगदानकर्ताले कोषको खाता नम्बर १९६०१००१०२०७०००४ मा सहायता रकम जम्मा गर्न सक्नेछन् । कोषका योगदानकर्ताको विवरण शीघ्र सार्वजनिक गर्ने तयारी रहेको अर्थ मन्त्रालयले जनाएको छ ।

# कांग्रेसमा थरिथरि मत : राजसंस्थासहित सर्वपक्षीय भेला माग

बुटवल । नेपाली कांग्रेसको विशेष महाधिवेशन माग्दै बहुमत प्रतिनिधिको हस्ताक्षर बुझाएका प्रतिनिधिहरूले संस्थापन पक्षले केन्द्रीय कार्यसमितिको म्याद थप्न केन्द्रित रहेको निष्कर्ष निकालेको छ ।

काठमाडौंमा पत्रकार सम्मेलन गरेर हस्ताक्षर अभियानको अगुवाइ गरेका नेता गुरुराज घिमिरेले पार्टी विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशनको माग गर्दै केन्द्रीय कार्यालयमा निवेदन दर्ता गरिसकेको बताए । जारी केन्द्रीय समितिको बैठकलाई सुक्ष्म रूपमा नियालिरहेको उनले बताए ।

राष्ट्रिय राजनीति तिव्रताका साथ अघि बढिरहेको बेला पार्टी महाधिवेशन आयोजनामा विलम्ब गर्ने, अलमलिने र पार्टीको नेतृत्व र नीति चयन गर्न ढिलाइ गर्ने सुविधा नभएको विशेष महाधिवेशन पक्षधर जारी गरेको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा भनिएको छ-'गत असोज २८ बाट प्रारम्भ भएको केन्द्रीय समितिको बैठक अस्वाभाविक रूपमा लम्ब्याउने र टुङ्गिने समेत अनिश्चित देखिनुले कार्यसमितिको मनसाय मंसिरभित्र नियमित महाधिवेशन नगर्ने र आफ्नो म्याद थप्नेतर्फ उद्दत देखिन्छ । वर्तमान केन्द्रीय समितिको यस्तो चाल र प्रवृत्ति आपत्तिजनक छ ।' उता नेपाली कांग्रेसका नेता गोपालमान श्रेष्ठले कांग्रेसको अगुवाइमा राजसंस्थासहित सर्वपक्षीय भेलाबाट अहिलेको समस्याको समाधान खोज्नुपर्ने प्रस्ताव राखेका छन् ।

काठमाडौंमा पत्रकार सम्मेलन गरेर दलहरूलाई निषेधको नीति अपनाइएको बताए । उनले भने-'लोकतन्त्रको नाममा राजनीतिक दललाई एनजिओद्वारा विस्थापित गर्न प्रपञ्च हुँदैछ । यसले लोकतन्त्र, राष्ट्रियता र सार्वभौम सत्तामा खतरा उत्पन्न गरिरहेको छ । हामीले पाठ सिकेर राजनीतिक दलहरूले निषेधको राजनीति त्यागेर सहकार्य गरेर अघि बढ्नुपर्छ । राजसंस्थालगायत परम्परागत शक्ति, राजनीतिक दल, जेन-जी आन्दोलनका फरक मत राख्ने सबै शक्तिहरूलाई समेटेर सर्वपक्षीय संवादको आवश्यकता छ ।'

# एकीकृत कारोबार सुरु



बुटवल । बुटवलमा केन्द्रीय कार्यालय रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.र सर्लाहीको समाज विकास लघुवित्त वित्तीय संस्था लिमिटेड बिच मर्जर प्रकृया पूरा भएको छ । दुबै संस्थाबिच भएको निर्णय र सम्झौता बमोजिम एक आपसमा गाभिएपश्चात् आइतबारबाट एकीकृत वित्तीय कारोबार सुरु भएको छ । मर्जरपश्चात् संस्थाको कुल पुँजी १ अर्ब पुगेको छ ।

कुल ९८ करोड पुँजी रहेको बुटवलको ग्रामीण विकास र जम्मा २ करोड पुँजी रहेको समाज विकास यि दुई लघुवित्तीय संस्थाबिच गाभ्ने र गाभिने प्रकृया (मर्जर) सम्पन्न भएसँगै आइतबारदेखि एकिकृत कारोबार सुरु भएको हो । ग्रामीण विकास लघुवित्त वित्तीय संस्था सञ्चालक समितिका अध्यक्ष भरतराज कोइरालाले एक कार्यक्रमका बिच एकीकृत कारोबार शुभारम्भ भएको घोषणा गरे ।

एकीकृत कारोबार शुभारम्भ समारोहमा बोल्दै ग्रामीण विकास लघुवित्त वित्तीय संस्था सञ्चालक समितिका अध्यक्ष भरतराज कोइरालाले ग्रामीण क्षेत्रमा गरिबी निवारणका लागि बिना धितो कर्जा प्रवाह र असुली कार्य गर्दै आएका दुई लघुवित्त संस्था गाभिनु सबैका लागि हितकर भएको दाबी गरे । वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकले अंगिकार गरेको मर्जरको नीतिलाई आत्मसात गरेर अघि बढ्न र वित्तीय कारोबारलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सबैलाई आग्रह गरे ।

प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालले बिगत ३ दशक अघिदेखि ग्रामीण क्षेत्रका कम आयआर्जन भएका महिलाहरुको आर्थिक सवलीकरणमा टेवा पुराउँदै आएको ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले आफ्नो पुँजी र कार्यक्षेत्रलाई थप बलियो बनाउन मर्जरको योजना अघि बढाएको बताए । ग्रामीण क्षेत्रका जनताको आर्यआर्जनमा वृद्धि गरी मुलुकको आर्थिक विकासमा समेत योगदान पुराउने उद्देश्यका साथ काम गरिरहेको उनले जानकारी गराए ।

कार्यक्रममा संस्थाका नायव कार्यकारी प्रमुख दिपकप्रसाद पाण्डेले स्वागत भाषण गर्दै लघुवित्त वित्तीय संस्थालाई सवल बनाउन कर्मचारीहरुको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै मर्जरपश्चात् थप उर्जा र उत्साहका साथ काम गर्नुपर्ने आवश्यक्ता रहेको जनाए । कार्यक्रममा संस्थाका संचालक मनोजकुमार खड्का, साविकको समाज लघुवित्त संस्थाका सञ्चालक सरोजकुमार महतो, नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष ईश्वर लम्साल, ग्रामीण विकास लघुवित्त कर्मचारी संगठनका अध्यक्ष अमर पौडेल, कार्यक्रम सञ्चालक मधुसुदन पोखरेललगायतले लघुवित्त क्षेत्रमा संस्थाले खलेको भूमिका र यसको प्रभावबारे चर्चा गरेका थिए ।

# नेपाल संवत्लाई नेपाली नोटमा समावेश गराइने

बुटवल । यस वर्षदेखि नेपाली नोटमा नेपाल संवत्को मिति उल्लेख गरिने भएको छ ।

शंखधर साख्वाः प्रतिष्ठान भक्तपुरले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा नेपाल संवत् ११४६ नयाँ वर्षको दिन आगामी ५ गते बुधबार प्रधानमन्त्री सुशीला कार्कीद्वारा शंखधर साख्वाःको शालिकमा हुने माल्यार्पण कार्यक्रममा त्यसको औपचारिक घोषणा गर्ने गरी सहमति भएको जानकारी दिइयो ।

प्रतिष्ठानका अध्यक्ष ज्ञानराम श्रेष्ठले प्रधानमन्त्रीसँगको छलफलमा त्यसबारे सहमति भएको र बुधबार औपचारिक घोषणा गरिने बताए । उनले भने-'नेपाल संवत् नेवारहरूको मात्रै होइन, सिङ्गो नेपाल र सबै नेपालीको आफ्नै मौलिक संवत् हो । यसबारेमा प्रधानमन्त्रीसँग छलफल भयो र बुधबारको कार्यक्रममा घोषणा गर्ने तयारी छ ।'

अध्यक्ष श्रेष्ठले नेपाल संवत्को नयाँ वर्षको दिन बुधबार प्रधानमन्त्री कार्कीबाट कार्यक्रमको उद्घाटन भई शंखधर साख्वाको शालिकमा माल्यार्पण गर्ने कार्यक्रम रहेको बताए ।

प्रतिष्ठानका पूर्वअध्यक्ष श्यामकृष्ण मानन्धरले कार्यक्रमको तयारी पूरा भएको जानकारी दिए । उनले देश तथा विदेशमा शंखधर साख्वाःको योगदान, नेपाल संवत्को महत्त्व तथा यसलाई कार्यान्वयनमा ल्याउन पहल गरिरहेको र यस देश तथा विदेशका विभिन्न ठाउँमा शंखधर साख्वाःको शालिक स्थापना गर्ने काम भइरहेको जानकारी दिए ।

# एसियाली 'युथ गेम्स'मा नेपालका सात खेलाडीले प्रतिस्पर्धा गर्ने

बुटवल । तेस्रो एसियाली 'युथ गेम्स'मा नेपालबाट विभिन्न पाँच खेलमा सात खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

बहराइनमा हुने उक्त प्रतियोगिता यही कात्तिक ५ देखि १४ गतेसम्म हुनेछ । नेपालबाट ब्याडमिन्टनमा सविना श्रेष्ठ, गल्फमा रुवेन थापा, जुडोमा समिता नेपाली, मुवाँथाईमा पलेस्था कक्षपति र गेन्जी राई तथा पौडीमा अथर्व सिंह र आर्या महर्जनले नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

टोलीको 'अफिसियल' प्रतिनिधिमा तिलक पाण्डे (ब्याडमिन्टन), ध्रुवबाबु थापा (गल्फ), देवकीमाया श्रेष्ठ (जुडो), भूपेश शाक्य (मुवाँथाई) र नयना शाक्य (पौडी) रहेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।
जुवातास खेले वा खेलाएमा, मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा
- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।
त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !
नेपाल सरकार विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com